# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

**आयोगको मिति २०८०/०७/०१ को निर्णयानुसार निजामती सेवाका राजपत्रांकित प्रथम र द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक) तथा स्वास्थ्य सेवाका नवौं तहका पदहरुको समावेशी समूहतर्फका विज्ञापनहरु देहाय बमोजिम प्रकाशन गरिएको छ :**

## राजपत्रांकित प्रथम र द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक) तथा स्वास्थ्य सेवाका नवौं तहका पदको समावेशी समूहको विज्ञापन

**सूचना नं. ३८९/०८०-८१** **प्रकाशन मिति २०८०/७/२**

निजामती सेवा तथा स्वास्थ्य सेवातर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणी/तहका पदहरुमा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline1.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ ।

**क) राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव वा सो सरह)**

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | किसिम | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम समय : दिनको १:०० बजे | | |
|---|---|---|---|---|---|---|---|---|---|
| (अ) | अप्राविधिक | | | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १. | १६६७५/०८०-८१ | प्रशासन | महिला | - | १(एक) | १(एक) | २०८०/०९/०५ | २०८०/०९/०६ | २०८०/०९/०८ |
| २. | १६६७६/०८०-८१ | प्रशासन | मधेसी | - | १(एक) | १(एक) | | | |
| ३. | १६६७७/०८०-८१ | लेखापरीक्षण | मधेसी | - | १(एक) | १(एक) | | | २०८०/०९/१० |

| (आ) | प्राविधिक | | किसिम | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या | प्रथम पत्र | द्वितीय पत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | समय : दिनको १:०० बजे | |
| १. | १७२२७/०८०-८१ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | मधेसी | - | १ (एक) | १ (एक) | २०८०/०९/२१ | २०८०/०९/२२ |

**ख) राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव वा सो सरह) तथा स्वास्थ्य सेवाका नवौं तह**

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह र श्रेणी/तह | किसिम | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| | | | | | | | समय : दिनको १:०० बजे | |
| (अ) | निजामती तर्फ : अप्राविधिक | | | | | | | |
| १. | १६६७८/०८०-८१ | न्याय, न्याय | महिला | - | १ (एक) | १ (एक) | २०८०/१०/११ | २०८०/१०/१२ |
| २. | १६६७९/०८०-८१ | न्याय, न्याय | दलित | - | १ (एक) | १ (एक) | | |
| ३. | १६६८०/०८०-८१ | न्याय, कानून | मधेसी | - | १ (एक) | १ (एक) | | २०८०/१०/१३ |
| ४. | १६६८१/०८०-८१ | न्याय, सरकारी वकिल | मधेसी | - | १ (एक) | १ (एक) | | २०८०/१०/१४ |
| ५. | १६६८२/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | महिला | - | १(एक) | १(एक) | | २०८०/१०/१६ |
| ६. | १६६८३/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | आ.ज. | - | १(एक) | १(एक) | | |
| ७. | १६६८४/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | मधेसी | - | १(एक) | १(एक) | | |
| ८. | १६६८५/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | पि.क्षे. | - | १(एक) | १(एक) | | |
| ९. | १६६८६/०८०-८१ | प्रशासन, लेखा | पि.क्षे. | - | १(एक) | १(एक) | | २०८०/१०/१७ |
| १०. | १६६८७/०८०-८१ | प्रशासन, राजस्व | पि.क्षे. | - | १(एक) | १(एक) | | २०८०/१०/१८ |
| ११. | १६६८८/०८०-८१ | लेखापरीक्षण | महिला | - | १ (एक) | १ (एक) | | २०८०/१०/२० |
| (आ) | निजामती तर्फ : प्राविधिक | | | | | | | |
| १. | १७२२८/०८०-८१ | कृषि, ला.पो. एण्ड डे.डे. | मधेसी | - | १(एक) | १(एक) | २०८०/११/०८ | २०८०/११/०९ |
| २. | १७२२९/०८०-८१ | वन, ने.पा.एण्ड वा.ला. | आ.ज. | - | १(एक) | १(एक) | २०८०/११/१८ | २०८०/११/१९ |
| ३. | १७२३०/०८०-८१ | शिक्षा, शिक्षा प्रशासन | मधेसी | - | १(एक) | १(एक) | २०८०/११/१६ | २०८०/११/१७ |

| (इ) | स्वास्थ्य सेवातर्फ : नवौं तह | | किसिम | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| | | | | | | | समय विहान ८:०० बजे | |
| १. | १७२३१/०८०-८१ | कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी | मधेसी | १(एक) | - | १(एक) | २०८०/०९/११ | २०८०/०९/१२ |
| २. | १७२३२/०८०-८१ | कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी | मधेसी | १(एक) | - | १(एक) | | २०८०/०९/१४ |
| ३. | १७२३३/०८०-८१ | कन्सल्टेण्ट पल्मोनोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, पल्मोनोलोजी | महिला | १(एक) | - | १(एक) | | २०८०/१०/१५ |
| ४. | १७२३४/०८०-८१ | कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | महिला | - | १(एक) | १(एक) | | २०८०/०९/२१ |
| ५. | १७२३५/०८०-८१ | कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरी | मधेसी | - | १(एक) | १(एक) | | २०८०/०९/२६ |
| ६. | १७२३६/०८०-८१ | कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक सर्जरी | आ.ज. | - | १(एक) | १(एक) | | २०८०/१०/१६ |
| ७. | १७२३७/०८०-८१ | कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी, रेडियोडाइग्नोसिस् | मधेसी | - | १(एक) | १(एक) | | २०८०/०९/२८ |

| (इ) | स्वास्थ्य सेवातर्फ : नवौं तह | | किसिम | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| | | | | | | | समय विहान ८:०० बजे | |
| ८. | १७२३८/०८०-८१ | कन्सल्टेण्ट नियोनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक, नियोनेटोलोजी | आ.ज. | - | १(एक) | १(एक) | २०८०/०९/११ | २०८०/१०/०४ |
| ९. | १७२३९/०८०-८१ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी | आ.ज. | - | १(एक) | १(एक) | | २०८०/१०/०५ |
| १०. | १७२४०/०८०-८१ | कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी | आ.ज. | - | १(एक) | १(एक) | | २०८०/१०/०७ |
| ११. | १७२४१/०८०-८१ | कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोबायोलोजी (ब्याक्टिरियोलोजी) | महिला | - | १(एक) | १(एक) | | २०८०/१०/१७ |
| १२. | १७२४२/०८०-८१ | कन्सल्टेण्ट बायोकेमिष्ट, स्वास्थ्य, प्याथोलोजी, बायोकेमिष्ट्री | महिला | - | १(एक) | १(एक) | | २०८०/१०/१८ |
| १३. | १७२४३/०८०-८१ | कन्सल्टेण्ट ओरल तथा मेक्जिलो फेसियल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, ओरल तथा मेक्जिलो फेसियल सर्जरी | महिला | - | १(एक) | १(एक) | | २०८०/१०/१९ |
| १४. | १७२४४/०८०-८१ | उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे, ज.मे.ल्या.टे. | दलित | - | १(एक) | १(एक) | | २०८०/१०/११ |
| १५. | १७२४५/०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्पेक्सन | महिला | - | १(एक) | १(एक) | | २०८०/१०/१३ |
| १६. | १७२४६/०८०-८१ | उप स्वास्थ्य प्रशासक स्वास्थ्य, एकीकृत चिकित्सा | आ.ज. | १(एक) | - | १(एक) | | २०८०/१०/२० |

**विज्ञापनसम्बन्धी विशेष सूचना :-**

आयोगबाट मिति २०८०/६/२५ मा प्रकाशित आयोगको विज्ञापन सम्बन्धी विशेष सूचनामा "सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० को उत्प्रेषण समेतको निवेदनमा मिति २०७९/१०/२४ मा भएको आदेश बमोजिम खुला समावेशीतर्फको रिक्त पदमा प्रतिशत निर्धारण गरी कायम हुन आएका पदहरु छुट्याइ सुरक्षित गरी राखिएको छ। उक्त पदहरु सम्मानित अदालतको आदेश बमोजिम समावेशी समूहका लागि कानूनी व्यवस्था भए वमोजिम पदपूर्ति गर्ने गरी पछि सूचना प्रकाशन गरिनेछ" भनी उल्लेख गरिएको सन्दर्भमा प्रस्तावित निजामती सेवा विधेयक, २०८० उपर आयोगबाट मिति २०८०/५/४ मा नै नेपाल सरकारलाई परामर्श प्रदान गरिसकिएको भएतापनि हालसम्म पनि उक्त विधेयक संघीय संसदमा पेश हुन नसकेको कारण लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६३ बमोजिम बनेको आयोगको वार्षिक कार्यतालिका भित्र पदपूर्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन नसकिने देखिएकोले सम्मानित सर्वोच्च अदालतको उक्त आदेश बमोजिम जारी हुने सङ्घीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत प्रतिशत निर्धारण भए बमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम नै समावेशी समूहको हकमा पनि विज्ञापनको सूचना प्रकाशित गरिएको छ।

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

**लिखित परीक्षाको माध्यम भाषाः-** पाठ्यक्रममा तोकिएबमोजिम हुनेछ।

**परीक्षा केन्द्रः-** काठमाडौं।

**दरखास्त दस्तुरः-** रा.प. प्रथम श्रेणीको लागि दरखास्त दस्तुर रु. २,५००।- (दुई हजार पाँच सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु. ६००।- (छ सय) थप दस्तुर बुझाउनु पर्नेछ।
रा.प. द्वितीय श्रेणी तथा नवौं तहको लागि रु. २०००।- (दुई हजार) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु. ५००।- (पाँच सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८०/७/२२ र दोब्बर दस्तुर तिरी २०८०/७/२९ सम्म।
***मिति २०८०/६/२५ मा प्रकाशित विज्ञापनको खुलातर्फ आवेदन दिइसकेका समावेशी समूहमा आवेदन दिन प्रचलित कानून बमोजिम योग्य उम्मेदवारले समेत यस सूचना बमोजिम समावेशी समूहमा थप आवेदन पेश गर्न सक्नेछन्। थप समावेशी समूहमा दरखास्त पेश गर्दा उक्त थप समूहको मात्र दस्तुर लाग्नेछ।***

**उम्मेदवारको उमेरको हद :**
- २०८०/७/१५ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।
- बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान :** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोवार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि :** ढिलोमा <u>२०८०/८/१ गते सम्म</u> तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरु :** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

**तलबः-** प्रचलित कानून बमोजिम।

**सेवा सम्बन्धी निकायः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित निकायहरु।

## आवश्यक न्यूनतम योग्यता

**अ) निजामती सेवातर्फ**

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा राजपत्रांकित द्वितीय श्रेणीको पदको हकमा पाँच वर्ष र राजपत्रांकित प्रथम श्रेणीको पदको हकमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

**आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची- ६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा पाँच वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूहसम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

## आवश्यक न्यूनतम शैक्षिक योग्यता

### (अ) राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सो सरह पदका लागि

१. **नेपाल प्रशासन सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्ट्स), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **नेपाल लेखापरीक्षण सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

३. **नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त।

### (आ) राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदका लागि

१. **नेपाल न्याय सेवा, न्याय, कानून, सरकारी वकिल समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण।

३. **नेपाल प्रशासन सेवा, लेखा समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमा स्नातकोत्तर उत्तीर्ण।

४. **नेपाल प्रशासन सेवा, राजस्व समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, कानून, अर्थशास्त्र, जन प्रशासन, गणित वा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उत्तीर्ण।

५. **नेपाल लेखापरीक्षण सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण।

६. **नेपाल कृषि सेवा, ला.पो. एण्ड. डे.डे. :** राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान/एप्लाइड साइन्स (एनिमल ब्रिडिङ्ग, एनिमल न्यूट्रिसन लाइभस्टक प्रोडक्सन एण्ड म्यानेजमेण्ट, पाश्चर म्यानेजमेण्ट, रेन्जलेन्ड म्यानेजमेण्ट, लाइभस्टक एकोनोमिक्स, एनिमल वेलफेयर, लाइभस्टक एक्स्टेन्सन, डेरी टेक्नोलोजी, फोडर एण्ड पाश्चर प्रोडक्सन, पोल्ट्रि प्रोडक्सन) विषयमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त।

७. **वन सेवा, ने.पा. एण्ड वा. ला :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्क्स एण्ड रिक्रियसन वा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

८. **नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त।

## स्वास्थ्य सेवाको नवौं तहतर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम योग्यता

**(पद, सेवा, समूह, उपसमूह):**

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

३. **कन्सल्टेण्ट पल्मोनोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, पल्मोनोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी पल्मोनोलोजी विषयमा डि.एम. (तीन बर्षे) वा पल्मोनोलोजी विषयमा स्नातकोत्तर वा इन्टरनल मेडिसिनमा स्नाताकोत्तर गरी पल्मोनोलोजी विषयमा कम्तीमा एक बर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलबाट पल्मोनोलोजी विषयमा विशेषज्ञता दर्ता भएको।

४. **कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

५. **कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

६. **कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

७. **कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी, रेडियोडाइग्नोसिस् :** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

८. **कन्सल्टेण्ट निओनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक्स, निओनेटोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

९. **कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ऐनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

१०. **कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

११. **कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोबायोलोजी (ब्याक्टेरियोलोजी) :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी माइक्रोबायोलोजी वा ब्याक्ट्रियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

१२. **कन्सल्टेण्ट बायोकेमिष्ट, स्वास्थ्य, प्याथोलोजी, बायोकेमेष्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी बायोकेमेष्ट्रीमा स्नातकोत्तर उपाधि प्राप्त।

१३. **कन्सल्टेण्ट ओरल तथा मेक्जिलो फेसियल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, ओरल तथा मेक्जिलो फेसियल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा स्नातकोत्तर गरी नेपाल मेडिकल काउन्सलमा ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा विशेषज्ञ दर्ता भएको।

१४. **उपप्रमुख मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

१५. **जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (ब्याचलर अफ आयुर्वेदिक एण्ड मोर्डन मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त।

१६. **उप स्वास्थ्य प्रशासक, स्वास्थ्य, एकीकृत चिकित्सा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (ब्याचलर अफ आयुर्वेदिक एण्ड मोर्डन मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी एम. पी. एच. वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त।

## उम्मेदवारले पेश गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उमेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) पिछडिएको क्षेत्रका हकमा : निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा ।
स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात ।

### आ) दरखास्त दिन चाहने उम्मेदवारहरुको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।
- (१) निजामती तथा अन्य सरकारी निकाय
- (२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था
- (३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति
- (४) ऐनद्वारा स्थापित संस्था वा निकाय
- (५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय
- (६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरु
- (७) विश्वविद्यालयको आंगिक क्याम्पस
- (८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव पेश गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ज) राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणी वा सो सरहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।

(ञ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

(ट) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारहरु दरखास्त दिने अन्तिम मिति सम्ममा अनिवार्य रुपमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ ।

(ठ) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residental अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ ।

### इ) स्वास्थ्य सेवातर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष सूचना

स्वास्थ्य सेवातर्फ नवौं तहका प्रतियोगितात्मक परीक्षातर्फका पदहरुमा अनलाईन दरखास्त दिने उम्मेदवारहरुले आफूले दरखास्तमा उल्लेख गरेका कागजातहरुको प्रतिलिपि पेश गर्ने विषयको चेकलिष्ट लोक सेवा आयोगको वेवसाइट psc.gov.np को डाउनलोड मेनुबाट डाउनलोड गरी उक्त चेकलिष्टमा उल्लेखित कागजपत्रहरुको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी चेकलिष्ट समेत भरी फाइलमा संलग्न गरी दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिन भित्र रुजु प्रयोजनका लागि दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ । यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरिनेछ ।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ ।